# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## अन्नपूर्ण गाउँपालिका, म्याग्दी

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय
काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
अन्नपूर्ण गाउँपालिका,
म्याग्दी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७
च.नं :

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,
अन्नपुर्ण गाँउपालिका,
म्याग्दी ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले अन्नपुर्ण गाउँपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ । को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यर्थाथ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार :**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाटरु.३ करोड ४ लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड २५ लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५० लाख ४९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना एक्काइस(२१) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थापना भएको हो । यो गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत ८ वडा रहेका छन् ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | सि.न. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **जम्मा रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १ | **चालु खर्च** | १६१५६६००० |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | ६७२००००० |
| | ख) बैंक | ५०५९९००० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ० | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ० | | ग) अन्य भुक्तानी | ८६७१९००० |
| | ग) अन्य आय | १३६६०४००० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६९६५९००० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १०३०३७००० | | अन्य लगानी | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ५ | **धरौटी फिर्ता** | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ९९५००० | ६ | **कोष खर्च** | ० |
| | ख) सशर्त अनुदान | ० | ७ | **मौज्दात** | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | क) नगद मौज्दात | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | ख) बैंक मौज्दात | ८८५४८००० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ० | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| | सामाजिक सुरक्षा | ४३१३९००० | | | ० |
| १० | **धरौटी आय** | ० | | | ० |
| १२ | **कन्टिन्जेन्सी बाँकी** | ० | | | ० |
| १३ | **अन्य विविध आय** | ० | | | ० |
| | जम्मा | **४०४०३३०००** | | | **४०४०३३०००** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम . |
|---|---|---|
| १ | **वित्तीय विवरण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिकमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो प्रयोजनका लागि महालेखा परीक्षकबाट २०७५।८।१० मा ढाँचा तोकिएकोमा सो ढाँचामा वित्तीय विवरण तयार गरेको पाइएन । | |
| २ | **सञ्चित कोष**: पालिकाले सञ्चित कोष तर्फ गत वर्षको रु. ५,०५,९८,७६०।२० जिम्मेवारी सारेको बाहेक नेपाल सरकार एवं प्रदेश सरकारबाट प्राप्त अनुदान एवं राजश्व बाँडफाँड र निकाशा, पालिकाको आन्तरिक आय तथा अन्य खाताहरुमा गरिएको ट्रान्सफर र अन्य खाताहरुबाट सञ्चित कोषमा गरिएको ट्रन्सफरको गोश्वरा भौचर खडा गरी बैंक नगदी किताब तयार नगरेकोले सञ्चित कोषको आय व्ययको अवस्था एकिन गर्न सकिएन । | |
| ३ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा खर्च हुन बाँकी रकम फ्रिज गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निकाशा प्राप्त मध्ये खर्च नभई बाँकी रहेको रकम २०७६।३।३१ मा बेरुजु खातामा दाखिला गरेको छ । | |
| ४ | कार्यालयले तयार गरेको बैंक नगदी किताब अनुसार यस वर्ष कार्यक्रममा रु. ४६०७१२१३।७२ बैंक बाँकी रहेकोमा ५ बैंक खातामा रु. ८७६८३९११।३९ बाँकी देखिएकोले कार्यालयले बैंक हिसाब विवरण (म ले प फा नं. १५) तयार गरी हिसाब मिलान गरेको पाइएन । | |
| ५ | **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ मा गाउँपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था रहेको छ । | |
| ५.१ | गण्डकी प्रदेशले उपरोक्त कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे बमोजिम यस वर्ष यो गाउँपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु.५३,०६,८३५।- खर्च लेखेको देखियो । | |
| ५.२ | उक्त ऐनको दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउने उल्लेख छ । नगरपालिकाले उपरोक्तानुसार निवृत्तिभरण पाए नपाएको सम्बन्धमा पदाधिकारीलाई स्वघोषणा गर्न लगाएको पाइएन । | |
| ६ | **अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ एवं प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ भने मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कको बाँडफाँड एवं प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड सम्बन्धी व्यवस्था रहेको छ । | |
| ६.१ | नेपाल सरकारले संघीय संसदमा पेश गरेको आर्थिक वर्ष २०७५।७६ को बजेट पुस्तिकमा यस नगरपालिकाको लागि (८०१७२९३) वित्तीय समानीकरण अनुदान (२६६११) मा रु. ६ करोड र सशर्त अनुदान (२६६१२) मा रु. १३ करोड ४९ लाख समेत रु. १९ करोड ४९ लाख बजेट स्वीकृत भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयको वार्षिक बजेट निकाशा र खर्चको प्रतिवेदन (चालु खर्च) अनुसूची ३४ मा रु. २०,६३,०१,०००।०० बजेट स्वीकृत भएकोमा रु. २०,६१,७६,०००।०० निकाशा खर्च भएको छ | |
| ६.२ | नेपाल सरकार एवं प्रदेश सरकारले स्थानीय तहलाई रकम उपलब्ध गराउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएका चार प्रकारका अनुदानमा समावेश नगरी सोझै बजेट खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिएकाले यसरी रकम उपलब्ध गराउने प्रणालीमा सुधार हुनु पर्दछ । | |

६.३

| अख्तियारी उपलब्ध गराउने निकाय | सरकारको तह | उपशीर्षक | निकाशा |
|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | प्रदेश | ७०४३७३५१४ | ९९५००० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश | ७०४३७३५१३ | |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संघ | ३२५१०६४ | ५०००००० |
| | | ३६५८०९४ | १००००००० |
| | | ३६५०१५३ | ४३१३९००० |
| | | ३६५१५८३ | ३०५००० |
| | | ३६५१६०३ | ५९४०००० |
| | | ३७११०८३ | ३२१३००० |
| | | | ६७५९७००० |

७ **कर्मचारी दरबन्दीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको प्रशासकीय संगठन र कर्मचारी दरबन्दीको व्यवस्था रहेको छ। नेपाल सरकारले यस गाँउपालिका अन्तरगत गाँउ कार्यपालिका तर्फ १९ जना, बडा कार्यालय तर्फ १६ जना, कृषितर्फ ४ जना र पशु तर्फ ८ जना गरी ४७ जनाको दरबन्दी स्वीकृत भएकोमा करार ३१ र स्थायी १५ जना कार्यरत देखिएको छ। अतः दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन हुनु पर्दछ।

७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सृजना गर्न नसकिने (नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीशियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेक) व्यवस्था रहेको भएपनि गाउँपालिकाले नेपाल सरकारले स्वीकृत गरेको दरवन्दी विवरणमा नपरेका पदमा समेत करारमा कर्मचारी कायम राखी तलब भत्ता भुक्तानी दिएको छ।

८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन।

९ **मौजुदा सूची -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको एकीन गर्ने आधार भएन।

१० **आन्तरिक लेखा परीक्षण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ। यस कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको

| | | |
|---|---|---|
| | दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन । | |
| ११ | **मेशिनको प्रयोग** -नेपाल सरकारले आन्तरिक रोजगारी सृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरी बेरोजगारको सूचीमा समावेश भएका व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्न एवं सामुदायिक पूर्वाधारको विकास गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरी लागु गरेको छ । उक्त निर्देशिकामा रु.१ करोडसम्म लागत भएका आयोजनामा श्रममूलक प्रविधि प्रयोग गर्ने नीति लिएपनि गाँउपालिकाले मेशीन प्रयोगमा नियन्त्रण गरेको पाइएन । | |
| १२ | **घर जग्गा रजिष्ट्रेशन शुल्क** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ एवं अनुसूची २ र ३ मा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेशले र स्थानीय तहले लगाउन सक्ने व्यवस्था रहेको छ भने दफा ५(१)(ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१)(ख) मा घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था रहेको र यसरी संकलन गरेको राजश्व रकम प्रदेश स्तरमा रहेको कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले यो वर्ष घर जग्गा रजिष्ट्रेशन शुल्क असुल गरेको पाइएन । | |
| १३ | **भ्रमण खर्च** -भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकैदिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत रकम भुक्तानी पाउने व्यवस्था रहेको छ । कार्यालयले एकै दिनमा फर्कन सक्ने स्थानमा सरकारी साधन, मोटरसाइकल वा अन्य सार्वजनिक यातायातबाट भ्रमण गर्दा पनि पुरै दिनको भ्रमण खर्च लिएको देखिएकाले यसमा सुधार हुनु पर्दछ । | |
| १४ | **वनबाट आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भएपनि समितिहरुले कार्ययोजना स्वीकृत गराएको एवं रकम दाखिला गरेको पाइएन । | |
| १५ | **प्रदेश राजश्व** -गण्डकी प्रदेश आर्थिक ऐन, २०७५ को दफा ४ मा मनोरन्जन कर, दफा ५ मा विज्ञापन कर, दफा ८ मा रोडा, ढुंगा, गिट्टी, चिप्स, माटो, चुनढुंगा, बालुवा, दहत्तर बहत्तरको राजश्व असुली एवं व्यवस्थापनमा स्थानीय तहको भूमिका उल्लेख गरेकोमा पालिकाले सो अनुसार असुल र दाखिला गरेको अलग अभिलेख खडा गरेको पाइएन । | |
| १६ | **राजश्व लेखा** - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष रु.२,२१,५८,५९६।८६ आन्तरिक आम्दानी देखाएकोमा राजश्व लेखा प्रणालीका म ले प फा नं. १०८क, १०८ख, १०८, १०९, २३ नराखेकोले वास्तविक राजस्व असुली र दाखिला एकिन गर्न सकिएन । | |
| १७ | सार्वजनिक खरिद ऐन, २०६३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको सार्वजनिक खरिद नियमावली, २०७५ (नमूना) मा खरिद इकाइको व्यवस्था गरेको तर खरिद समितिको व्यवस्था नगरेकोमा पालिकाले खरिद इकाई समिति गठन | |

| | | |
|---|---|---|
| | गरी बैठक भत्ता लिने गरेको नियम सम्मत देखिएन । | |
| १८ | **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका उल्लेख छ । जस अनुसार लागत अनुमानमा ओभरहेड, वर्क चार्ट स्टाफ खर्च, सानातिना अन्य खर्च, मूल्य समायोजन कन्टिन्जेन्सि, फिजिकल कन्टिन्जेन्सि, मूल्य अभिबृद्धि कर समेत थप गरी लागत अनुमान कायम गर्नु पर्दछ । कार्यालयले तयार गरेका लागत अनुमानमा उपरोक्त कुराहरु थप गरे नगरेको सम्बन्धमा उल्लेख नगर्नाले उपभोक्ता समितिले निर्माण गर्ने कार्यको लागत अनुमान रकमको विश्वसनीयता मूल्यांकन गर्न सकिएन । | |
| १९ | **भवन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था रहेको छ । गाँऊपालिकाले आफ्नो कार्य क्षेत्रभित्र नक्सा पास गराई भवन निर्माण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कार्यालयले भवन निर्माण गर्नु अघि अनुमतिपत्र दिएको पाइएन । | |
| २० | **वडा कार्यालय निर्माणः**कार्यालयको एक वडा कार्यालय रु. ३८,५०,८१८।१५ को कबोल अँकमा २०७४ आषाढ मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी जिल्ला प्राविधिक कार्यालयले निर्माण व्यवसायी भगवती मालिका कन्स्ट्रक्शनसँग २०७३।३।२४ मा सम्झौता गरेकोमा रु. १३,४६,०३६।३० को कार्य गरेपछि निर्माण व्यवसायीले निर्माण कार्य नगरेको तथा खरिद सम्झौताको म्याद समाप्त भएपछि २०७५।१।६ मा कार्यालयमा सो खरिद सम्झौताको फाइल प्राप्त भएको देखिन्छ । | |
| २०.१ | निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएको म्यादभित्र कार्य सम्पन्न नगरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले हुने रु. ३४०७८०।३७ पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको रु. .. | ३४०७८०.३७ |
| २०.२ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम काम शुरु गरी वीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा खरिद सम्झौता अन्त्य गरी जमानत जफत गर्नु पर्ने व्यवस्था रहेकोमा निजले राखेको कार्य सम्पादन जमानत रकम रु. १,९५,०००।०० जफत गर्नु पर्ने रु. ... | १९५००० |
| २०.३ | निर्माण व्यवसायीलाई दिइएको मोविलाइजेशन पेश्की रकम रु. ६,००,०००।०० फछ्र्यौट नभएकाले सो रकम असुल गर्नु पर्ने रु. ... | ६००००० |
| २०.४ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) मा खरिद सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले काम नगरेपछि उक्त भवन निर्माण गर्नको लागि पालिकाले रु. १८,७२,६३७।९९ को लागतमा उक्त निर्माण कार्य गराई पालिकाबाट रु. १५,००,०००।०० (जनश्रम रु. ३,७२,६३७।९९ बाहेक) भुक्तानी भएको छ । उक्त रकम सो निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु. | १५००००० |
| २१ | **आन्तरिक नियन्त्रण प्रणाली कार्यान्यवन -** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार जोखिम क्षेत्र पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदनप्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गाउँपालिकाको प्रमुख आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलानुपर्ने उल्लेख गरेकोमा तदनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको एवं अनुगमन गरेको देखिएन । | |

<table>
<tr><td></td><td>

- कार्यक्रमगत खर्च खाता र योजनागत अभिलेख खाता आंशिक मात्र राखिएको छ । बजेटशिट तयार गरेको छैन ।
- आन्तरिक आम्दानी नियमको पालना गरी समयमा दाखिला गरेको पाइएन ।
- उपभोक्ता समितिको भुक्तानीबाट मर्मत सम्भार कोषमा रकम कट्टी गरी मर्मत सम्भार कोषको व्यवस्था गर्नुपर्नेमा गरेको छैन । साथै प्रतिष्पर्धा कायम गरी बोलपत्र एवं शिलबन्दी दरभाउपत्रबाट कार्य नगराई सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितिबाट गराइएको छ ।
- गाउँपालिका भित्रका योजनाको पूर्ण रुपमा सम्भाव्यता अध्ययन गरेको पाइएन । गाउँ परिषदले योजना छनौट गरी खर्च गरिएको छ । यसले गर्दा कुन कुन योजना प्राविधिक रुपले अत्यावश्यक रहेको र लागत एवं प्रभाबकारी रहेको भन्ने स्थिति छैन ।
- अन्तिम लेखापरीक्षण गर्नु पूर्व आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन ।
- मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाइ दिएको पाइएन ।
- निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताब तयार गरी उक्त नापी किताबलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरूको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताब बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।
- रसिद नियन्त्रण खाता राख्ने गरेको छैन ।

कानूनको परिपालना नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । तसर्थ कानूनले तोके बमोजिमको कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२२</td><td>पालिकाले यस वर्ष आय प्राप्ती र भुक्तानी खातामा रु. २२१५८५९६।८६, सञ्चित कोष हिसाबमा रु. २२७८५७००।६० र आन्तरिक आयको आर्थिक विवरणमा रु. १,३०,३०,३९८।७६ देखाएकोले कार्यालयको आन्तरिक आय रकम एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td>कार्यालयले बहाल कर ११९३१ वापत यस वर्ष रु.१९,६४,८४२।७६ भुक्तानीमा कर कट्टि गरी प्राप्त गरेकोमा उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेमा आन्तरिक आय खातामा राखेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु. ...</td><td>१९६४८४२.७६</td></tr>
<tr><td>२४</td><td>पालिकाले यस वर्ष निम्न आम्दानी शीर्षकमा असुल हुनु पर्ने राजश्व भन्दा कम राजश्व आम्दानी देखाएको सम्बन्धमा छानवीन हुनु पर्ने रु. ..</td><td>९५५६९३५</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>शीर्षक</th><th>सम्झौता अनुसार<br>प्राप्त हुनु पर्ने रु</th><th>आर्थिक विवरणमा<br>देखाएको रु.</th><th>आर्थिक विवरणमा<br>कम देखाएको रु.</th></tr>
<tr><td>कुण्ड दस्तुर</td><td>५३०००००</td><td>११६५९७९</td><td>४१३४०२१</td></tr>
<tr><td>ढुंगा गिट्टी बबालुवा</td><td>१४०५३००</td><td>११९३६५०</td><td>२११६५०</td></tr>
<tr><td>पुनहिल व्यवसाय</td><td>७००००००</td><td>१७८८७३६</td><td>५२११२६४</td></tr>
<tr><td>जम्मा</td><td>१३७०५३००</td><td>४१४८३६५</td><td>९५५६९३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td>पालिकाले ३ सम्झौताबाट नदीजन्य पदार्थ संकलन गर्न ३ फर्मसँग रु. १४,०५,३००।०० को सम्झौता गरेकोमा सो रकममा १३ प्रतिशतले हुने रु. १८२६८९।०० मूल्य अभिबृद्धि कर असुल गरी राजश्व शीर्षक नम्बर ३३११७ मा दाखिला गर्नु पर्नेमा रु.१३०२१०।०० दाखिला बाँकी रु.५२४७३।०० असुल गरेको नदेखिएकाले असुल गर्नु पर्ने रु. ..</td><td>५२४७३</td></tr>
<tr><td>२६</td><td>पालिकाले तातोपानी कुण्ड दस्तुर र पशु चौपाया दस्तुरको सम्झौता अनुसारको रु. ११,०७,६४६।०० मूल्य अभिबृद्धि कर वापत संकलन गरेकोमा उक्त रकम राजश्व शीर्षक</td><td>११०७६४६</td></tr>
</table>

| | | |
|---|---|---|
| | नम्बर ३३११७ मा दाखिला गर्नु पर्नेमा राजश्व शीर्षक नम्बर ३३११४ मा दाखिला गरेको कानून सम्मत नदेखिएको रु. .. | |
| २७ | पालिकाले पुन हिल व्यवसायका लागि २०७५।५।८ मा, तातोपानी कुण्ड दस्तुरका लागि २०७५।५।१४ मा, पशु चौपाया करका लागि २०७५।५।२६ मा र ३ वटा खोलाबाट नदीजन्य पदार्थ संकलन (ठेक्का नं ३, ४ र ५) गर्न २०७५।११।१२ मा सम्झौता गरेकोमा २ वटा खोलाको (ठेक्का नम्बर १ र २) को आर्थिक वर्ष २०७५।७६ को र सम्झौता भएका ठेक्काको सम्झौता मिति भन्दा अगाडि (२०७५।४।१ देखि) को आम्दानी संकलनको अवस्थाको छानवीन गरी सो अवधिमा संकलन भएको रकम राजश्वमा दाखिला हुनु पर्दछ । | |
| २८ | पालिकाले पुनहिल व्यवसाय अन्तरगत क्यान्टीन संचालन र प्रवेश शुल्क वापत रु. ७०,००,०००।०० रकम दाखिला गर्ने गरी २०७५।५।८ मा खुशी होम विल्डर्ससँग सम्झौता गरेकोमा सम्झौताको म्याद २०७६ असार मसान्तमा सम्पन्न भई सकेको छ । कार्यालयले उक्त कार्यका लागि २०७६।५।२४ मा सम्झौता गरेका छ । कार्यालयको लेखापरीक्षणको क्रममा २०७६।५।१९ गते पुन हिलको स्थलगत अवलोकन गर्दा (रसिद नम्बर २७७५२ देखि २७७५८ सम्म) प्रवेश शुल्क संकलन भई रहेको तथा क्यान्टीन समेत सञ्चालनमा रहेको देखिएकाले २०७६।४।१ देखि २०७६।५।२३ सम्म ५५ दिनको रु.१०,५४,७९४।५२ (सम्झौता रकम रु. ७००००००।०० लाई ३६५ ले भाग गरी ५५ ले गुणा गर्दा आउने रकम) मा मूल्य अभिबृद्धि कर १३ प्रतिशत समेत रु.११,९१,९१७।८१ असुल हुनपर्नेमा सो अवधिमा ८०० वटा टिकटमात्र प्रयोग भएको भनी रु.७३,०००।- असुल गरेको छ । अवलोकनको समयमा करीब १०० जना उपस्थित भएको आधारमा ५५ दिनमा ८०० जनाले भ्रमण गरेको भनी विश्वास गर्ने आधार भएन । | |
| २९ | **विद्युतिय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थापन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Passwordप्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ । | |
| ३० | **नक्सा पास -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २७(२) मा गाउँपालिकाले भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्ने र सोही मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने उल्लेख छ । यस गाउँपालिकाले गाउँ क्षेत्रभित्रका भवन निर्माण कार्य गर्दा गराउँदा नक्सा पास गराई भवन निर्माण गर्ने गरेको देखिएन भने भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको भू-उपयोग सम्बन्धी मापदण्ड समेत तोकेको देखिएन । तसर्थ, कार्यालयले ऐनमा भएको व्यवस्था लागु गर्नुपर्दछ । | |
| ३१ | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख | |

गाउँपालिकाले हालसम्म अद्यावधिक गरेको पाइएन । गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

३२ **स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

३३ **न्यायीक समिति -** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पर्न आएका निवेदनको निर्धारित समयमा कारबाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा न्यायीक समितिमा कूल १ वटा उजूरी निवेदन दर्ता भएकोमानिवेदनको कारबाही टुङ्गो लगाई सबै मुद्धा फछ्र्यौट भएको छ ।

३४ **लक्षित समूह खर्च -** लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजि निर्माण सेवा प्रवाहमा गुणस्तर सुधार क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजना मात्र रकम विनियोजन तथा खर्च गर्न सकिने व्यवस्था छ । कुनै पनि प्रकारको वितरणमूखी कार्यक्रम, सभा सम्मेलन, गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भए पनि गाउँपालिकाले देहायबमोजिमका कार्यक्रममा खर्च गरेकोले नियमसम्मत भएको देखिएन । यस्तो किसिमको खर्च नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | वापत | रकम |
|---|---|---|
| १५६/२०७६/२/२८ | अपाङ्गलाई रकम वितरण वडा नं. ७ | ९४४८२.०० |
| | दीर्घ रोगी २१ जना वडा नं. ७ | ४६४२४.०० |
| १०३/२०७६/२/३० | अपाङ्ग वडा नं. ६ २१ जनालाई वडा अध्यक्षको खातामा | ५००००.०० |
| १६५/२०७६/३/३ | अपाङ्ग वडा नं. ५ आय आर्जन गर्ने आयोजनामा | ६५०००.०० |
| १६०/२०७६/२/३० | वडा नं. १ मा ज्येष्ठ नागरिक तथा अपाङ्ग ६० जनालाई | ८८६५०.०० |
| ८५/२०७५/१२/१४ | वडा नं. ४ ज्येष्ठ नागरिक तथा अपाङ्ग भएकालाई भत्ता | १०००००.०० |
| ८१/२०७५/१२/१२ | योजना सम्बन्धी गोष्ठी | ६७८५०.०० |
| | **जम्मा** | **५१२४०६** |

३५ **पूँजिगतबाट चालु खर्च -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा पूँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । गाउँपालिकाले यो वर्ष चालु खर्च पूँजिगत बजेटमा समावेश गरी देहायको गोश्वारा भौचर तथा मितिबाट देहायअनुसार खर्च लेखेकोले नियमसम्मत भएको नदेखिएको रु. ९६२३९१

| गो.भौ.नं./मिति | वापत | रकम |
|---|---|---|
| ५४/२०७५/११/८ | स्वास्थ्य स्वयंसेविका वडा नं. ४ प्रोत्साहन भत्ता | ५४०००.०० |
| १५५/२०७६/२/२७ | महिला स्वयंसेविका यातायात तथा खाजा खर्च वडा नं. ५ | ५५५३९१.०० |
| १६१/२०७६/२/३१ | महिला स्वयंसेविका प्रोत्साहन भत्ता वडा नं. ६ | ५९४००.०० |
| १६६/२०७६/३/३ | महिला स्वयंसेविका सम्झना पुन वडा नं. ५ खाजा खर्च | ५३६००.०० |

| | | | | |
|---|---|---|---|---|
| | १७६/२०७६/३/१२ | महिला स्वास्थ्य स्वयंसेविका वडा नं. ८ | ५००००.०० | |
| | १७५/२०७६/३/१२ | वडा नं. ८ मा सरसफाई कार्यक्रम पारिश्रमिक | १०००००.०० | |
| | १०८/२०७६/३/१० | स्वास्थ स्वयंसेविका वडा नं. ३ | ९००००.०० | |
| | | **जम्मा** | **९६२३९१.००** | |
| ३६ | **भुक्तानीमा कर -** १७८/२०७५/३/१३ आयकर ऐन, २०५८ को दफा ८९ अनुसार रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । न्यू धौलागिरी सेवा भण्डारबाट तरकारीको बिउ रु.७८,८५०।- मा खरिद गरी ल्याएकोमा अग्रिम कर कट्टा नगरेको रु. | | | ११६४७ |

| गो.भौ.नं./मिति | फर्म | खरिद रकम | अग्रिम कर |
|---|---|---|---|
| १७९/२०७६/३/१३ | World Link Com Pvt. Ltd. | ६००००.०० | २०८३.०० |
| १८६/२०७६/३/१८ | विभिन्न मालसामान खरिद गरी शिखा मा.वि. मा पठाइएको | ६३७६२०.०० | ९५६४.०० |
| | **जम्मा** | **६९७६२०.००** | **११६४७.००** |

| | | |
|---|---|---|
| ३७ | **जिन्सी -** कार्यालयको प्राप्त जिन्सी प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने भनी औंल्याइएका ७ प्रकृतिका स्टील दराज २, रिभल्भीङ कुर्सी २, अफिस टेबल ५, टेबल तथा टि टेबल २, डेक्सटप कम्प्युटर ४, प्रिन्टर २ र यूपियस ४ समेत १८ थान सामानहरु आर्थिक कार्यविधि नियमावली, २०६४ कोनियम ५१ अनुसार मर्मत सम्भार गर्नुपर्ने देखिन्छ । | |
| ३८ | **लोडर एक्साभेटरको प्रयोग -** सार्वजनिक खरिद यिमावली, २०६४ को नियम ९ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर, डोजर, ग्रेडर, विटुमिन जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्था रहेको र लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भउको उल्लेख रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने व्यवस्था गरेपनि गाउँपालिकाले त्यस्तो किसिमको सिफारिस बेगर उपभोक्ता समितिबाट संचालन भएका योजनाहरुमा हेभी मेशिन प्रयोग गरी निम्न गोश्वार तथा भौचरबाट निम्नानुसार योजनाहरुमा खर्च गरेको देखियो । यस्तो किसिमको खर्च गर्ने व्यवस्थालाई नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भौ.नं./मिति | आयोजनाको नाम | हेभी मेशिन प्रयोग गर्नेको नाम | डोजर भाडा | गा.पा. बाट भुक्तानी |
|---|---|---|---|---|
| ८०/२०७५/१२/११ | प्रभा मा.वि. खेल मैदान निर्माण नारच्याङ | साहना निर्माण सेवा | १६९६७५.०० | १००००००.०० |
| १३८/२०७६/२/७ | घारखोला नेपाने पाउद्वार सडक वडा नं. ५ | साहना निर्माण सेवा | १०७६४८८.०० | ९०००००.०० |
| ७३/२०७६/१/१७ | खादी खोल्सा सोबन्दे औल शिक्षा सडक वडा नं. ७ | टाकुरा विकास बिल्डर्स | ३२२६०७७.०० | ३००००००.०० |
| ११८/२०७६/१/१६ | घारखोला नेपाने पाउद्वार सडक मर्मत वडा नं ५ | साहना निर्माण सेवा | १३४६९६०.०० | १३०००००.०० |
| ८३/२०७६/१/२३ | तातोपानी कुण्ड व्यवस्थापन वडा नं. ३ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १४३४१६९.०० | १३०००००.०० |
| १४४/२०७६/२/१९ | सुनारी मोटरबाटो निर्माण वडा नं. १ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ९९०७५०.०० | ९१५०००.०० |
| १४५/२०७६/२/२१ | ठैस्वारादेखि महभिरसम्म मोटरबाटो | टाकुरा विकास बिल्डर्स प्रा.लि. | ११०९१५१.०० | १००००००.०० |
| १५४/२०७६/२/२६ | पत्थर गाडापार कोप्चेपानी | साविरा कन्स्ट्रक्सन | ७९१९७४.०० | ७०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| | मोटरबाटो | प्रा.लि. | | |
| १८१/२०७६/३/१६ | पटार धराप गाडपार कोप्चेपानी वडा नं. ४ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ६७६९८१.०० | ६०००००.०० |
| १९१/२०७६/३/२७ | चित्रे घोरेपानी सडक निर्माण वडा नं. ६ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १६७०७७४.०० | |

| गो.भौ.नं./मिति | आयोजनाको नाम | हेभी मेशिन प्रयोग गर्नेको नाम | डोजर भाडा | गा.पा. बाट भुक्तानी |
|---|---|---|---|---|
| ८०/२०७५/१२/११ | प्रभा मा.वि. खेल मैदान निर्माण नारच्याङ | साहना निर्माण सेवा | १६९६७५ | १०००००० |
| १३८/२०७६/२/७ | घारखोला नेपाने पाउद्वार सडक वडा नं. ५ | साहना निर्माण सेवा | १०७६४८८ | ९००००० |
| ७३/२०७६/१/१७ | खादी खोल्सा सोबन्दे औल शिक्षा सडक वडा नं. ७ | टाकुरा विकास बिल्डर्स | ३२२६०७७ | ३०००००० |
| ११८/२०७६/१/१६ | घारखोला नेपाने पाउद्वार सडक मर्मत वडा नं ५ | साहना निर्माण सेवा | १३४६९६० | १३००००० |
| ८३/२०७६/१/२३ | तातोपानी कुण्ड व्यवस्थापन वडा नं. ३ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १४३४१६९ | १३००००० |
| १४४/२०७६/२/१९ | सुनारी मोटरबाटो निर्माण वडा नं. १ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ९९०७५० | ९१५००० |
| १४५/२०७६/२/२१ | ठैस्वारादेखि महभिरसम्म मोटरबाटो | टाकुरा विकास बिल्डर्स प्रा.लि. | ११०९१५१ | १०००००० |
| १५४/२०७६/२/२६ | पत्थर गाडापार कोप्चेपानी मोटरबाटो | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ७९१९७४ | ७००००० |
| १८१/२०७६/३/१६ | पटार धराप गाडपार कोप्चेपानी वडा नं. ४ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ६७६९८१ | ६००००० |
| १९१/२०७६/३/२७ | चित्रे घोरेपानी सडक निर्माण वडा नं. ६ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १६७०७७४ | |

| गो.भौ.नं./मिति | आयोजनाको नाम | हेभी मेशिन प्रयोग गर्नेको नाम | डोजर भाडा | गा.पा. बाट भुक्तानी |
|---|---|---|---|---|
| ८०/२०७५/१२/११ | प्रभा मा.वि. खेल मैदान निर्माण नारच्याङ | साहना निर्माण सेवा | १६९६७५.०० | १००००००.०० |
| १३८/२०७६/२/७ | घारखोला नेपाने पाउद्वार सडक वडा नं. ५ | साहना निर्माण सेवा | १०७६४८८.०० | ९०००००.०० |
| ७३/२०७६/१/१७ | खादी खोल्सा सोबन्दे औल शिक्षा सडक वडा नं. ७ | टाकुरा विकास बिल्डर्स | ३२२६०७७.०० | ३००००००.०० |
| ११८/२०७६/१/१६ | घारखोला नेपाने पाउद्वार सडक मर्मत वडा नं ५ | साहना निर्माण सेवा | १३४६९६०.०० | १३०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| ८३/२०७६/१/२३ | तातोपानी कुण्ड व्यवस्थापन वडा नं. ३ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १४३४१६९.०० | १३०००००.०० |
| १४४/२०७६/२/१९ | सुनारी मोटरबाटो निर्माण वडा नं. १ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ९९०७५०.०० | ९१५०००.०० |
| १४५/२०७६/२/२१ | ठैस्वारादेखि महभिरसम्म मोटरबाटो | टाकुरा विकास बिल्डर्स प्रा.लि. | ११०९१५१.०० | १००००००.०० |
| १५४/२०७६/२/२६ | पत्थर गाडापार कोप्चेपानी मोटरबाटो | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ७९१९७४.०० | ७०००००.०० |
| १८१/२०७६/३/१६ | पटार धराप गाडपार कोप्चेपानी वडा नं. ४ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | ६७६९८१.०० | ६०००००.०० |
| १९१/२०७६/३/२७ | चित्रे घोरेपानी सडक निर्माण वडा नं. ६ | साविरा कन्स्ट्रक्सन प्रा.लि. | १६७०७७४.०० | |

| | | |
|---|---|---|
| ३९ | **बिलभन्दा बढी खर्च -** ६५/२०७५/११/३० उपभोक्ता समितिसँग भएको कामको बिल अनुसार नापीमा प्रविष्टि गर्नुपर्दछ । किमलाखर्क खानेपानी मर्मत गर्नको लागि आइटम नं. ३ मा गेट भल्भ २ वटाको रु.५,८६०।- को खरिदको बिल प्राप्त भएको र नापी किताबमा २ वटा गेट भल्भको रु.१३,५६०।- खर्च लेखेको देखिएकोले खरिद गरेको भन्दा बढी खर्च लेखेको रु. | ७७०० |
| ४० | १९०/२०७६/२/३० आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५% कर कट्टी गरी राख्नुपर्दछ । तथ्याङ्क संकलन गर्दा भत्ता भुक्तानी गर्दा रु.११,७००।- अग्रिम कर कट्टी गरी राखेकोमा रु.९,५००।- मात्र दाखिला भएकोले नपुग कर दाखिला हुनुपर्ने रु. | २२०० |
| ४१ | **अनुगमन -** २०२/२०७६/३/२५ कार्यक्रम संचालन गरि सकेपछि सो कार्यक्रमको अनगमन गर्नुपर्दछ । वडा नं. ७ हिस्तानको सिर्जनशील सहकारी संस्थाबाट २२४४ के.जी. आलु खरिदगरी १०० जनालाई २२ के.जी. का दरले बिउ वितरण गरेकोमा सो बिउ वितरणबाट केकति आय भयो वा भएन सोको अनुगमन गर्नुपर्नेमा सो गरेको देखिएन । सो कार्यक्रमको अनुगमन गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु. | १००००० |
| ४२ | **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी भाडा भुक्तानी गर्दा १० प्रतिशत भाडा कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्न गोश्वारा भौचर तथा मितिबाट ढुवानी कर नियमानुसार लाग्ने भन्दा कम ढुवानी कर असुल गरेकोले नपुग ढुवानी कर असुल गर्नुपर्ने रु. | १२१६४ |

| भौ.नं./मिति | आयोजनाको नाम | ढुवानी रकम | कट्टी गरेको | नपुग रकम |
|---|---|---|---|---|
| ८३/२०७५/१२/१२ | उपल्लो शिख पक्की सिठी निर्माण | ६८२३८.०० | ३८००.०० | ३८२३.०० |
| २०५/२०७६/१/९ | मनी भुमे भवन भुइँतला ढलान | १००५४१.०० | २२००.०० | ८३४१.०० |
| | **जम्मा** | **१६८७७९.००** | **६०००.००** | **१२१६४.००** |

| | | |
|---|---|---|
| ४३ | ११९/२०७६/१७ खरिद गरी ल्याएको बिल अनुसारको रकम नापीमा प्रविष्टि गर्नुपर्दछ । १ नं. वडा कार्यालय भवन मर्मत (दोवामा) गर्नको लागि लागत अनुमान रु.४,५२,३०८।- भएकोमा गाउँपालिकाबाट रु.४,००,०००।- र जनश्रमदान वापत रु.५२,३०८।- व्यहोर्ने गरी सम्झौता भएकोमा ५० मि. मि. को कालो फलामे पाइप | ४०७०० |

| | | |
|---|---|---|
| | ८१५.४६ के.जी. खरिद गरी ल्याएकोमा १०९२.५२ के.जी. नापीमा चढाएको देखिएकोले खरिद गरिएको भन्दा २७७.०६ के.जी.को दर रु.१४६।९० ले बढी भुक्तानी भएको रु. | |
| ४४ | १७६/२०७६/३/४ घार खोला नेपाने खानेपानी योजनामा २० एम. एम. १० के.जी. प्रेसरको ९९० मिटर एच. डि. पि. ई. पाइपको रु.३९७२५।- मा खरिद गरिएकोमा नापी किताबमा ७७० मि. मात्र जडान भएको देखिएकोले २२० मि. पाइपको रु.८,८२६।- जडान नभएको अवस्थामा रहेकोले जडान गरिने किसिमको मात्र खरिद गर्नुपर्ने देखिएको रु. | ८८२६ |
| ४५ | **बढी भुक्तानी -** ९५/२०७५/१२/२८ दोसल्ले खेल मैदान बनाउने कामको लागि वडा नं. ७ हिस्तानमा ग्याबियन बक्स तथा सुख्खा ढुङ्गाको सिढी बढाउने कामको लागि आइटम नं. ४ मा सिढीमा छपनी लगाउने कार्यको लागि परिमाण २०.२५ वर्गमिटरको दर विष्लेषण अनुसार रु.१,०२१।२५ का दरले रु.२०,६८०।- भुक्तानी गर्नुपर्नेमा रु.१,५१९।३७ का दरले रु.३०,७६७- भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १००८७ |
| ४६ | **भुक्तानीमा कर -** ९७/२०७५/१२/२९ वडा सभागृह निर्माण गर्न वडा नं. ३ मा लागत अनुमान रु.११,३५,८७७।- भएको मध्ये गाउँपालिकाबाट रु.१०,००,०००।- र उपभोक्ता समितिबाट रु.१,३५,८७७।- जुटाउने सम्झौता भएअनुसार कार्यसम्पन्न प्रतिवेदनमा बेनीदेखि सिमेन्ट छड ढुवानी गाडीबाट गरी रु.१०,८६६।- भुक्तानी गर्नुपर्नेमा रु.३,०००।- मात्र भाडा कर कट्टी गरेको देखिएकोले नपुग कर असुल गर्नुपर्ने रु. | १५६३ |
| ४७ | **पाइप जडान -** ९९/२०७५/१२/२९ खरिद भएका खानेपानीका पाइप जडान हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । ज्ञान प्रकाश माध्यमिक विद्यालयदेखि लेटीसम्म वडा नं. ३ मा गाउँपालिकबाट रु.३,००,०००।- र उपभोक्ता समितिबाट रु.४३,१२४।- व्यहोर्ने गरी सम्झौता भएको देखियो । उपभोक्ता समितिले धवलागिरी हार्डवेयर्सबाट निम्न अनुसारका एचडिपिई पाइप खरिद गरी ल्याएकोमा पाइप जडान भएको देखिएन । जडान नहुने गरी पाइप खरिद गर्नु नियमसम्मत भएको देखिएन । | |

| पाइपको साइज | दर | रकम |
|---|---|---|
| ४० एमएम पाइप १० के.जी. प्रेसर ५०० मि. | १४४.०० | ७२०००.०० |
| ३२ एमएम पाइप ६ के.जी. प्रेसर ८०० मि. | ६५५.०० | ५२४००.०० |
| २० एमएम पाइप १०के.जी. प्रेसर १०० मि. | ३९.०० | ३९००.०० |
| १६ एमएम पाइप १०के.जी. प्रेसर १००० मि. | २७५०.०० | २८८७५.०० |
| **जम्मा २४५० मी.** | | **१५७१७५.००** |

| | | |
|---|---|---|
| ४८ | **नर्म्स -** १०६/२०७६/१/९ जिल्लाले उपलब्ध गराएको दर विल्लेषण अनुसार खरिद हुनुपर्दछ । चिसापानी कृषि सडकमा ग्याबियन तार किन्ने, रोल गर्ने, बुन्ने, लैजाने, ढुङ्गा भर्ने, बन्द गर्ने कार्य प्रयोजनको लागि जानी २×१×१ को ७४ घ.मी. को दर रु.३,२६,८४३।- का दरले रु.३,२१,६४३।- खर्च लेख्नुपर्नेमा रु.४,३७६।२६ का दरले रु.३,२६,८४३।- खर्च लेखेकोले नर्म्सभन्दा बढी गरेको खर्च असुल गर्नुपर्ने रु. | ५२०० |
| ४९ | चिसापानी कृषि सडकमा ३७ पिस जालीको रु.३,०००।- का दरले रु.१,११,०००।- खरिद गरेको बिल प्राप्त भएको देखियो तर गाउँपालिकाले बिलभन्दा बढी रु.१,२५,४५०।- नापी गरी सोही अनुसार मू. अ. कर भुक्तानी गरेकोमा खरिद गरेको भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | १४४५० |
| ५० | ११२।०७६।१।२५ आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ३६(३ ) अनुसार भर्पाइ सहित लेखा राख्नु पर्दछ । कार्यालयले औल सामुदायिक भवन १२ इन्च १.८ मिटर स्वायर ४० पिस पाइपको रु.५६०००।०० मु.अ.कर सहितको विल राखेको देखियो । तर नापी किताबमा उक्त पाईपको मुल्य रु.१०६४०२।०० चढाएको देखिएकोले खरिद गरेको | |

| | | |
|---|---|---|
| | विल भन्दा वढी भुक्तानी गरेको अशुल गर्नुपर्ने रु. | ५०४०२ |
| ५१ | **मू. अ. करमा दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२०,०००।- भन्दा माथिको बिलको भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकोसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मूल्य अभिवृद्धि कर दर्ता नभएको रेडियो म्याग्दी १०४.४ मेगाहर्जलाई सूचना प्रकाशन गरेको भनी रु.१,२५,०००।- भुक्तानी गरेकोमा अनियमित देखिएको रु. | १२५००० |
| ५२ | **नापी र खरिद गरेको बिल -** १७२/२०७६/३/५ खरिद गरेको बिल अनुसार सामानहरु नापी किताबमा चढाउनु पर्दछ । सुवा सामुदायिक भवन प्लाष्टर गर्ने तफा फर्निचर खरिद गर्ने कार्यको लागि उपभोक्ता समितिबाट रु.२१,७३४।- र गाउँपालिकाबाट रु.२,००,०००।- को बजेट व्यवस्था गरी उपभोक्ता समितिले बालचन्द्र फर्निचर उद्योगबाट प्लाष्टिक कुर्सी ६० वटाको रु.५०,८५०।-, सादा टेबल ४ वटाको रु.१७,१७६।-, अफिस टेबल १ वटाको रु.८,४७५।- र अफिस दराज १ वटाको रु.१६,३८५।- समेत रु.९०,८८६।- का फर्निचर खरिद गरी ल्याएको बिल पेश भएको देखियो । ती सामानहरु नापी किताबमा प्लाष्टिक कुर्सी ५० वटाको रु.४४,६३५।-, टेबल २ वटाको रु.९,९६६।-, स्टील दराज १ वटाको १४,६९०।- समेत रु.६९,२९१।- प्रविष्टि गरेको देखिएकोले खरिद र नापी किताबको यथार्थता भएको देखिएन । यसरी गरिएको खरिद र नापीमा मेल खाएको नदेखिएको रु. | २३५९५ |
| ५३ | **नर्म्स -** १८४/२०७६/३/१७ जिल्लाले तोकेको दररेटलाई आधार बनाई निर्माण कार्य गर्नुपर्दा दर विष्लेषण तयार गर्नुपर्दछ । वडा नं. ८ राम्चे वडा भवन मर्मत गर्नको लागि उपभोक्ता समितिबाट काम गराएको देखियो । उक्त काम आइटम नम्बर ३ मा पि.सि.सि. १:२:४ परिमाण १०.०१ घ. मि. को दर विष्लेषण अनुसरा रु.१२,९४५।- का दरले रु.१,२९,५७९।- हुनुपर्नेमा रु.१४,९९५।- का दरले रु.१,५०,१००।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | २०५२१ |
| ५४ | उक्त फोटोकपी बिलको आधारमा उक्त विद्यालयलाई रु.७०,०००।- खर्च लेख्नुपर्नेमा रु.७५,०००।- खर्च लेखेकोलेबिल भरपाई भन्दा बढी खर्च लेखेको देखिएकोले असुल गर्नुपर्ने रु. | ५००० |
| ५५ | **अनुगमन प्रतिवेदन -** २०२/२०७६/३/२५ राखिएको लक्ष्य तथा कार्यक्रम अनुसार गरिएको खर्चको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । वडा नं. ७ हिस्तानमा २२०० के.जी. आलु खरिद गरी १०० जनालाई २२ के.जी. का दरले सिर्जनशील कृषि सहकारी संस्थाबाट काम गराई उक्त संस्थालाई रु.१,००,०००।- खर्च लेखेकोमा सो कार्यक्रमको के कति जनता लाभान्वित भए सो कार्यक्रमको अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ५६ | **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कट्टी गरी राखेको पारिश्रमिक कर दाखिला गर्नुपर्दछ । गाउँपालिकाले निम्न गोश्वारा तथा भौचरबाट पारिश्रमिक भत्ता भुक्तानी गर्दा कट्टी गरी राखेको पारिश्रमिक कर दाखिला नभएको रु. | ३३९० |

| गो.भौ.नं./मिति | वापत | पारिश्रमिक |
|---|---|---|
| १९६/२०७६/३/२६ | जडीबुटी तथा सहकारी सम्बन्धी प्रशिक्षण तालिम | १८००.०० |
| २०४/२०७६/३/२६ | भत्ता भुक्तानीमा कर | १५९०.०० |

| | | |
|---|---|---|
| ५७ | **भुक्तानीमा कर -** कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौतामा उल्लेख भए अनुसार डोजर तथा एक्स्ट्राभेटर संचालन गर्दा १० प्रतिशत बहालकर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न गोश्वारा तथा भौचरबाट डोजर तथा एक्स्ट्राभेटर प्रयोग गर्दा बहालकर कम कट्टी गरेको तथा कट्टी नै नगरेकोले सम्झौताको शर्तबमोजिम असुल गर्नुपर्ने रु. | १२४८९१ |

| गो.भौ.नं./मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | डोजर भाडा मू.अ.कर समेत | भाडा कर |
|---|---|---|---|---|
| १३४/२०७६/१/२९ | ठुला वरार कटुञ्जे मोटरबाटो | टाकुरा विकास बिल्डर्स | १०११९२२.५७ | ८९५५०.०० |
| ८०/२०७५/१२/११ | प्रभा मा. वि. खेल मैदान निर्माण | गाडी भाडा | २१२१७७.०० | २१२१७.०० |
| २०७/२०७६/३/३० | कार्यालय परिसरमा कम्पाउण्ड वाल | साविरा कन्स्ट्रक्सन | १५९६००.०० | १४१२४.०० |
| | | **जम्मा** | **१३८३६९९.५७** | **१२४८९१.००** |

| | | |
|---|---|---|
| ५८ | **भुक्तानीमा कर -** १९६/२०७६/३/२२ आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम कट्टी गरी राखेको पारिश्रमिक कर दाखिला गर्नुपर्दछ । जडीबुटी तथा सहकारी सम्बन्धी ३ दिने प्रशिक्षण तालिम वडा नं. ७ हिस्तानमा भई ३ जना प्रशिक्षकहरुलाई रु.१२,०००।- भत्ता वितरण गर्दा कट्टी गरी राखेको पारिश्रमिक कर दाखिला भएको नदेखिएकोले असुल गर्नुपर्ने रु. | १८०० |
| ५९ | **गोठ तथा खोर निर्माण -** चौरीको गोठ सुधार तथा निर्माण गर्नको लागि वडा नं. ५ मा २ जना र वडा नं. ८ मा १ जना गरी ३ जनाको लागि रु.१,००,०००।- का दरले रु.३,००,०००।- बाखाको खोर सुधार गर्नको लागि ५ जा कुखुरको खोर सुधार गर्नको लागि १० जना समेत १५ जनालाई रु.१०,०००।- का दरले १,५०,०००।- गरी रु.३,५०,०००।- खर्च गरेको देखियो । यसरी गोठ निर्माण तथा खोर सुधार गर्नको लागि रकम उपलब्ध गराएकोमा के कसरी उपलब्ध गराइएको हो खुल्न आएन । छनौटको आधारमा नगरी सिफारिसको आधारमा रकम छुट्टाई काम गराउनु मनासिव भएको देखिएन । आवश्यकताको पहिचान गरी गोठ निर्माण कार्य र खोर सुधार कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । | |
| ६० | **बोका तथा बाखा खरिद -** विकास बाखा पालन समूह म्याग्दीबाट बोका १ को रु.३,५००।- र बाखा ५ को रु.६०,०००।- र ठूलो बगर बाखा फर्मबाट ४ वटा बाखाको रु.५६,०००।- समेत बोका १ र बाखा ९ को रु.१,५०,०००।- रुप्से बृहत्तर कृषि सहकारी संस्थालाई भुक्तानी गरेकोमा खरिद गर्दा बाखाको तौलको आधारमा नबनाई संख्याको आधारमा खरिद गरिएको र बोकाको समेत खरिद वजनको आधारमा नगरी हचुवाको आधारमा गरिएकोले खरिद विधि उपयुक्त ढंगले गरिएको छ भन्न सक्ने आधार देखिएन । साथै बोका तथा बाखा खरिदबाट सो संस्थाको कार्यप्रगतिको स्थिति अवगत हुन सकेन । साथै सो संस्थाको कार्यप्रगति तथा अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ६१ | **औषधि तथा जै घाँस वितरण -** पशुहरुको औषधि तथा घाँसको बिउ समान किसिमले वितरण हुनुपर्दछ । गाउँपालिकाले समाभेट फर्मा म्याग्दीबाट रु.४,७०,५०७।- औषधि खरिद सोही फर्मबाट ४०० के.जी. घाँस खरिद गरी रु.४५,२००।- र ढुवानीवापत रु.१०,०००।- समेत रु.५,२५,७०७।- भुक्तानी गरेको सम्बन्धमा सो घाँसको बिउ वितरण गर्दा १ के.जी. देखि २५ के.जी. सम्म वितरण गरेको देखिएकोले घाँस बिउ वितरण समुचित ढंगले वितरण भएको छ भन्ने सक्ने आधार देखिएन । | |
| ६२ | **बिल भरपाई -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार बिल भरपाई सहित लेखा राख्नुपर्दछ । पशुसेवा शाखा प्रा. स. कृष्ण चौधरीले लिएको पेश्की रु.३,००,०००।- फछ्र्यौट गर्दा फाँटबारबिाट रु.२,५५,७००।- र रु.२७,०००।- नगद दाखिला गरेको देखिएकोले रु.१२,५००।- बिल भरपाई बेगर लेखेको खर्च असुल गर्नुपर्ने रु. | १२५०० |

| | | |
|---|---|---|
| ६२.१ | **कर दाखिला -** कर कट्टी गरेको रकम दाखिला हुनुपर्दछ । कर कट्टी गरेको कर रु.१२,६००।- दाखिला हुनुपर्नेमा रु.११,८००।- दाखिला गरेकोले नपुग कर दाखिला हुनुपर्ने रु. | ८०० |
| ६३ | **जिन्सी दाखिला -** खरिद गरिएका सामानहरु जिन्सी दाखिला गरी खर्च गर्नुपर्दछ । श्रेष्ठ समिल तथा फर्निचर उद्योगबाट फर्निचर खरिद गरी रु.१,००,०००।- खर्च लेखेकोमा विद्यालयले जिन्सी सामानहरु जिन्सी खातामा आम्दानी बाँध्नुपर्दछ । तर विद्यालयले जिन्सी खातामा आम्दानी जनाएको नदेखिएको रु. | १००००० |
| ६४ | **टेलिटिचिङ -** राखिएको लक्ष्य अनुसार प्रगति हासिल हुनुपर्दछ । १० वटा माध्यमिक विद्यालय कैलाश मा.वि., दोवा, सर्वोदय मा.वि. भुरुङ तातोपानी, ज्ञानप्रकाश मा.वि. दाना, प्रभा मा.वि. नार्चुङ, शिख मा.वि. हिस्तान, पाउद्वार मा.वि. शिख, मुक्तिमार्ग मा.वि. घार, आदर्श मा.वि. रिमा, टिकोट मा.वि. हिस्तान, हिमाञ्चल मा.वि., नागीलेटेलि टिचिङ संचालन गर्नको लागि रु.१०२८०००।- उपलब्ध गराएको देखियो । तर टेलिटिचिङ के कति मात्रामा सफल भएको छ । कार्य प्रगति कस्तो छ लेखापरीक्षणमा खुल्न आएन । राखिएको लक्ष्य र तोकिएको समयमा कार्य प्रगति हासिल हुनुपर्दछ । | |
| ६५ | **विना प्रतिस्पर्धा बेगर खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ८४ मा रु.५ लाखदेखि २० लाख लागत अनुमान भएको पालसामान शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद योजना बनाई शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा फर्निचर खरिदको टुक्रा बनाई रु.१६,६९,६४५।- र मेशिनरी औजार खरिद को १८ टुक्रा बनाई रु.३,८७,०१४।- समेत रु.५५,३९,६५९।- को पटक पटक खरिद गरेको अनियमित देखिएको रु. | ५५३९६५९ |
| ६६ | **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क) मा रु.५ लाखा रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै गर्न सकिने र सोभन्दा माथिको खरिद गर्दा शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा ग्लोबल ट्रेनिङ कन्सर्नबाट मिति २०७५/१२/१० मा रु.६,४३,७३१।- मेशिनरी औजार खरिद गरेवापत भुक्तानी गरेकोमा नियमसम्मत नदेखिएको रु... | ६४३७३१ |
| ६७ | **लागत अनुमान -** ७७/२०७५/१२/१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न २ वटा परामर्शदातालाई डि.पि.आर. तयार गर्ने प्रयोजनको लागि रु.७,९१,०००।- भुक्तानी भएकोमा सो परार्म सेवाको लागत अनुमान तयार नगरी निम्नअनुसार परामर्शदातालाई भुक्तानी गरेकोमा नियमसम्मत नदेखिएको रु. | ७९१००० |

| योजनाको नाम | परामर्श दाता | रकम |
|---|---|---|
| वडा नं. ६ चित्रे घोरेपानी सडक निर्माणको डि. पि. आर. तयार गर्ने | प्याक्ट कन्सल्टेन्ट प्रा. लि. | ४९१५५०.०० |
| वडा नं. ७ घराम्दी खिवाङ सडक डि.पि.आर तयार गर्ने | Gulban Engineering Research | २९९४५०.०० |
| वडा नं. १ घराम्दी खेल मैदान | Multi Discipliban Consultant | |
| | **जम्मा** | **७९१०००.००** |

| | | |
|---|---|---|
| ६८ | **अवलोकन भ्रमण -** पूँजिगत शीर्षकबाट अवलोकन भ्रमण गर्न नपाइने व्यवस्था छ । गाउँपालिकाले गाउँपालिकाका पदाधिकारीहरुलाई विभिन्न स्थानमा अवलोकन भ्रमण गराएवापत रु.६,००,०००।- र वडा नं. ८ का पदाधिकारीहरुलाई अवलोकन भ्रमण | |

| | | |
|---|---|---|
| | गराएवापत रु.१,१०,०००।- समेत रु.७,१०,०००।- खर्च गरेको देखियो । यस्तो किसिमको खर्च चालु शीर्षकबाट गर्नुपर्नेमा पुँजिगत खर्च शीर्षकबाट लेखेकोले चालु बजेट शीर्षकमा समावेश गरेर बजेट खर्च गर्नुपर्ने रु. | ७१०००० |
| | **वित्तीय समानीकरण चालु** | |
| ६९ | **बैठक भत्ता -** गण्डकी प्रदेश सरकारद्वारा २०७५ वैशाख २४ गते प्रकाशित राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा बनेको ऐनको दफा ३ अनुसूची १(क) मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधा सम्बन्धमा स्पष्ट उल्लेख गरेको छ । सो अनुसार पदाधिकारीलाई मासिक सुविधा, सञ्चार सुविधा र दैनिक भ्रमण भत्ता तोकिएको छ । तर कुनैपनिबैठक भत्ताको सुविधा उपलब्ध गराउने व्यवस्था गरको देखिदैन । यसवर्ष ४२ जना पदाधिकारीहरूलाई गाउँसभा, अनुगमन र न्यायीक समिति लगायतका बैठक भत्ताउपलब्ध गराएको पाइयो । नियममा भएको व्यवस्था विपरित बैठक भत्ता लेखेको रकम नियमसम्मत नदेखिएको रु. | ३०७१८० |

| भौ.नं./मिति | भत्ता | रकम |
|---|---|---|
| १८/२०७५/८/०२ | गाउँसभा बैठक | २१९७१५.०० |
| ५०/२०७५/१०/२२ | वतावरण मूल्याङ्कन बैठक | २१६७५.०० |
| ५९/२०७५/११/१३ | अनुगमन तथा मूल्याङ्कन बैठक | २५५०.०० |
| ६६/२०७५/११/२६ | सम्पत्ति कर सम्बन्धी बैठक | २७५४०.०० |
| १४९/२०७६/०३/२६ | राजश्व परामर्श सम्बन्धी बैठक | २१६७५.०० |
| १५०/२०७६/०३/३१ | न्यायीक समितिको बैठक | १४०२५.०० |
| | **जम्मा रु.** | **३०७१८०.००** |

| | | |
|---|---|---|
| ७० | **महँगी भत्ता** - गाउँपालिकाले सेवा करारबाट महँगी भत्ता नपाउने गरी करार सम्झौता गरी श्री मुकुन्द पौडललाई करारमा राखेकोमा पारिश्रमिक भुत्तानी गर्दा महँगी भत्ता समेत भुक्तानी भएकोमा उक्त रकम असुल गर्नुपर्ने देखिन्छ । उक्त महँगी भत्ता रकम रु. | २४००० |
| ७१ | **सञ्चार सुविधा -** कर्मचारीले बिना जानकारी आफ्नो कार्यालयको सिम तथा व्यक्तिगत नम्बरको सिम प्रयोग गरी यस वर्ष विष्णु प्र. पौडेलले संचार सुविधावापत रु.६५००।०० लिएकोले उक्त खर्च रकम असुल गर्नुपर्ने रु... | ६५०० |
| ७२ | ७८/२०७५/ १२/०८ अन्नपूर्ण गाँउपालिकाले आफनो स्थानीय विभिन्न कानून निर्माणका लागी सिलबन्दी दरभाउपत्र आव्हान गरी श्री Global Innovative Development Support Pvt. Ltd कालीमाटी काठ्माण्डौसँग मिति २०७५ फागुन ०७ गते रु ४,३४,३३३।- भ्याटसहित २०७६ बैशाख अन्तमा सम्पन्न गर्ने सम्झौता भई कार्यादेश सहित ६० प्रतिशत रकम पेश्की दिएकोमा २०७६ असार मसान्तसम्म उक्त कानूनहरु मध्ये केहि आईसकेको देखिन्छ तर हस्तान्तरण गराएर कार्य सम्पन्न नभएकोले उक्त पेश्कीलाई छिटो कार्य सम्पन्न गराएर फछ्र्यौट गर्नुपर्ने रु. | २६०००० |
| ७३ | ५७/२०७५/११/०९ गाँउपालिकाले पत्रकारीता सम्बन्धी कार्यक्रममा रु १,५०,०००।- विनियोजन गरी पत्रकार प्रशिक्षणको लागि श्री म्याग्दी मेडियासँग सम्झौता गरी कार्यक्रम सञ्चालनको बिल भरपाई अनुसार रु.१,६५,५००। भुक्तानी गरेको हुदा उक्त बढी भुक्तानी अनियमित देखिएको रु. | १५५०० |
| ७४ | गाँउपालिकाले वार्षिक कार्यक्रम अनुसार कुनैपनि कार्य गर्दा सम्झौता गरेर मात्र त्यस बमोजिम खर्च भुक्तानी गर्नपर्नेमा विभिन्न पत्रिकामा सचना प्रकाशन गर्न तथा अन्य कालसामान खरिद गर्न सिधै भुक्तानी गर्ने गरेको देखिन्छ । उक्त सम्झौता बेगर भुक्तानी | |

| | | |
|---|---|---|
| | गरेको रकम रु.२,७५,०००।- नियमित गनुपर्ने देखिन्छ । | |
| ७५ | गाँउपालिकाले महिला हिंसा बिरुद्धको कार्यकममा खर्च भएको रकम रु.४४,५००।- कार्यकम शिर्षकबाट लेख्नुपर्नेमा बिबिध शीर्षकबाट भुक्तानी भएको हुदा उक्त रकम नियमित गनुपर्ने रु. | ४४५०० |
| ७६ | भ्रमण खर्च नियमाली २०६४ को नियम ३ मा कुनैपनि कर्मचारी भ्रमणमा जादा अनिवार्य कार्यालय प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले आफ्नो कर्मचारी कुनै काममा पठाउदा कर्मचारीको भ्रमण आदेश कार्यलयको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गर्नुपर्नेमा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षबाट स्वीकृत गराई भ्रमण खर्च लेख्ने गरेको देखिन्छ । त्यस किसिमको कार्यबाट कार्यालयको नियमिता र जवाफदेहितामा असर पर्ने हुदा उक्त कार्यहरु नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ७७ | शिक्षाको शिर्षकबाट विद्यालयलाई विनियोजन गर्नुपर्ने रकम गाँउपालिकाले चालु शिर्षकबाट हिमाञ्चल मा.बि.राम्चेलाई गाँउ कार्यपालिकाको मिति २०७५ असार २४ गतेको निर्णयबाट भैपरी आउने शिर्षकबाट रु.१,६७,७७५। सिधै भुक्तानी दिएको उक्त खर्च अनियमित देखिएको रु. | १६५७७५ |
| ७८ | १३७/२०७६/०३/१२ गाँउपालिकाले निम्न सामुदायिक सिकाई केन्द्रलाई पोषक खर्च दिने कुनै व्यवस्था नभएपनि रु.५०,०००। पोषक खर्च भुक्तानी भएकाले उत्त: रकम हसुल गर्नुपर्ने देखिएको रु. | ५०००० |

| क.स. | सामुदायिक सिकाई केन्द | पोषक खर्च |
|---|---|---|
| १ | नरचाङ सामुदायिक सिकाई केन्द | १०,०००.०० |
| २ | तातोपानी सामुदायिक सिकाई केन्द | १०,०००.०० |
| ३ | खिवाङ सामुदायिक सिकाई केन्द | १०,०००.०० |
| ४ | नांगी सामुदायिक सिकाई केन्द | १०,०००.०० |
| ५ | मण्डली सामुदायिक सिकाई केन्द | १०,०००.०० |
| | **जम्मा रु.** | **५०,०००.००** |

| | | |
|---|---|---|
| ७९ | **समानुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको कामको भुक्तानी गर्दा लागत अनुमानमा रहेको जनसहभागिताको अंश अनुपातिक रुपमा कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर निम्नानुसारका झोलुङ्गे पुल उपभोक्ता समितिबाट काम गराएर भुक्तानी दिदा समानुपातिक कट्टी नगरी भुक्तानी दिएकाले असुल गर्नुपर्ने बढी भुक्तानी रु. | १७६७६७.३७ |

| क.स. | झोलुङ्गे पुल | | जम्मा लागत | गा.पा. बेहोर्ने | बढी भक्तानी |
|---|---|---|---|---|---|
| १ | पल्लोघराम्दी झोलुङ्गे पुल | लागत | ३२७७५६५.४८ | २१५९५९५.९८ | |
| | | सम्पन्न | ३२३२४२९.३७ | २१६१४११.०० | ३१५५५.३१ |
| २ | दोसल्ले झोलुङ्गे पुल | लागत | ५१५९९७८.१४ | २५३९०११.८४ | |
| | | सम्पन्न | ५०४३७७१.८२ | २५६३०९२.०५ | ८१२६०.५३ |
| ३ | मर्ना खोला झोलुङ्गे पुल | लागत | ११५१३४१.१६ | ९६४४३२.३६ | |
| | | सम्पन्न | ३०७७५८३.०० | १०२८३८४.०० | ६३९५१.६४ |
| | | | **जम्मा** | | **१७६७६७.३७** |

| | | |
|---|---|---|
| ८० | २२/२०७६/ ०३/२७अनुदानमा आधारित कार्यक्रम संचालन गर्दा स्पष्ट कार्यविधि बनाई लक्षित वर्ग छनौट गर्ने र उक्त कार्यक्रमको अनुगमन गरी प्रभावकारिता मूल्याङ्कन गर्नुपर्दछ । जसमा सम्बन्धित किसानको छनौटको लागि कार्यविधि बनाई वडाको सिफारिसको आधारमा अनुदान दिनुपर्ने हुन्छ । पालिकाले प्लाष्टिक टनेलमा किसानलाई ५०% अनुदान दिने कार्यक्रम बनाई किसानलाई प्लाष्टिक पोखरीमा रु.४,००,०००।- अनुदान दिएको पाइयो । तर उक्त कार्यक्रममा लक्षित वर्ग/समूहका किसानबाट ५०% रकम उठाई कार्यलयको खातामा जम्मा गरेर मात्र १००% कार्यालयले भुक्तानी गनुपर्नेमा आधा रकम कार्यालयको खातामा जम्मा नगरी पुरै भुक्तानी दिएको पाइयो । साथै उक्त कार्यको पालिकबाट अनुगमन समेत गरेको पाइएन । उक्त ५० % रकम असुल गनुपर्ने रु. | २००००० |
| | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्याक्रम** | |
| ८१ | ३/२०७६/ ०३/०१ गाँउपालिकाले नागी राम्चे रीमा हुदै महाविर सडक निर्माण योजनामा स्थानीय उपभोक्तासँग जम्मा लागत रु. ५५,००,७८३।५३ मा सम्पन्न गर्ने र उक्त कार्यमा प्रयोग भएको स्काभेटरको भाडा रकममा १० प्रतिशतका दरले कर काट्ने सम्झौता भएपनि जम्मा रु ५,६१,९१६।- को १० प्रतिशत रु.५६,१५१।- भाडा कर काट्नु पर्नेमा रु. २९,५००।- मात्रै कटाएको हुँदा बाँकी रकम रु. २६,६९१।- असुल र्नुपर्ने देखिएको रु. | २६६९१ |
| ८२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) उपनियम (१) बमोजिम अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पादन जमानत र नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलेसम्बन्धित आन्तिरिक राजस्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनु पर्नेछ । तर गाउँपालिकाले निवेदनको आधारमा मात्र रु.३७,२४,२४६।- रकम पुरानो धरौटी रकम फिर्ता गरेकोले उक्त रकम अनियमित देखिएको रु. | ३७२४२४६ |
| ८३ | **बजेट अवण्डा राखेको**–स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी ८ वटा वडाहरुमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रुपमा ७० लाख बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदापरिषद्बाट नियममा तोकिएवमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ । | |
| ८४ | **तलबी प्रतिवेदन–** निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकहरुको हकमा शिक्षक किताबखाना, नेपाल सरकारका कृषि सेवा, पशु विकास सेवा, शिक्षा सेवा, प्रशासन सेवा, लेखा सेवा, महिला विकास तर्फका कर्मचारीहरुको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले उपरोक्त कर्मचारीको तलब खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ८५ | **योजना र कार्यान्वयन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु | |

पर्ने व्यवस्था छ । कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिन आएन ।

८६ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार लाभग्राहीहरुको मुल लगत किताब तयार गरि राख्नुपर्ने व्यवस्था रहेको छ । निर्देशिका अनुसार मुल लगत अनुसारको सामाजिक सुरक्षा पाउनेको नामावली एम. आई. एस. सिष्टममा प्रवृष्टी गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा छडके परिक्षण गर्दा निम्न वडाका सचिवहरुले एम. आई. एस. सिष्टममा प्रविष्ट गरेको भन्दा फरक र हातले नाम लेखि वा दोहोरो रुपमा लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी दिएको देखिएकोले कार्यालयबाटै छानविन गरी आवश्यक कारबाही हुनुपर्ने देखिएको रु. ८६२०२४

| सि. नं. | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २ | १०८०० | रु. १६०० वडाध्यक्षले बुझेको |
| २ | ४ | ६०४०० | रु. १२४०० वडाध्यक्ष र वडा सदस्यले बुझेको । |
| ३ | ५ | ७८००० | रु २४००० राजेश तिलिजा र रु.४२००० पूर्ण बहादुर तिलिजाले बुझेको । |
| ४ | ६ | २३६००० | रु २०८००० सुनबहादुर र २८००० कृष्णले बुझेको |
| ५ | ७ | ३७६०२४ | रु ८००० कम दाखिला गरेको र रु १६००० टिपेश लगाएको रु १६८०० डिलबहादुर पुन र १८४०२४ कृष्ण कुमारीले बुझेको |
| ६ | ८ | १००८०० | रु. २०००० उल्लेख नभएको र रु.३६,००० फिर्ता लिदै केरेको २४,८०० वडाअध्यक्षले बुझेको |
| | **जम्मा** | **८६२०२४** | |

८७ **बढी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४३ मा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । निम्न गो.भा.नं. र मितिवाट निम्न उपभोक्त समितिहरुलाई तोकिएको भन्दा बढी निकासा दिएको पाईयो । उपभोक्ता समितिहरुलाई आन्तरीक आयबाट बढी खर्च लेखेको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ८३४२९

| सि. नं | गो.भौ.नं./मिति | सम्झौताको नाम | दिनुपर्ने रकम | दिएको रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १ | ४८/२०७५/१२/१२ | शिखठुलो पाखा सत्तल निर्माण | १३३४२४ | २००००० | ६६५७६ |
| २ | ३३/२०७५/११/१४ | ज्ञान प्रकाश मा.वि.को खेल मैदान मर्मत तथा स्कुल भवन मर्मत उपभोक्ता समिति दाना | ४९७१४५ | ५००००० | २८५५ |
| ३ | ७९/२०७६/१/१७ | स्वास्थ्य चौकी मर्मत दोवा | १८६००० | २००००० | १३९९८ |
| | | **जम्मा** | **८१६५६९** | **९०००००** | **८३४२९** |

८८ **पेश्की बाँकी -**निम्न कर्मचारीलाई दिएको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुनु पर्ने रु. .. १८२८२३५

| सि.नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १ | सा वि अ हरिकृष्ण आचार्य | ५००००० |
| २ | सावि अ हरिकृष्ण आचार्य | २८८२३५ |
| ३ | सर्भेक्षक ज्योतीलाल आचार्य | १०४०००० |
| | **जम्मा** | **१८२८२३५** |

| | | |
|---|---|---|
| ८९ | **मूल्य अभिबृद्धि कर समायोजन –**मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यबसायी, आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ७६८० |

| गो.भौ.नं./मिति | आपूर्तिकर्ता तथा सेवा प्रदायकको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएको कैफियत |
|---|---|---|---|---|
| ४९/२०७५/१२/१२ | सिटि स्पोंटस एण्ड स्टेशनरी सप्लायर्स (६०३८३६७३८) | २६५९५ | ३०५९ | ०४३ न को विजक हातले लेखेको |
| ४९/२०७५/१२/१२ | सिटि स्पोंटस एण्ड स्टेशनरी सप्लायर्स (६०३८३६७३८) | ४०१७१ | ४६२१ | ०४४ न को विजक हातले लेखेको |
| **जम्मा** | | **६६७६६** | **७६८०** | |

| | | |
|---|---|---|
| ९० | **नपुग बिल भरपाई -**आर्थक कार्यविधि ऐन, २०६४ को नियम ३६ ३ मा खर्चलाई पुष्टाउने यथेष्ट प्रमाण हुनुपर्ने व्यवस्था रहेको छ । गो.भौ.नं १३३।२०७६।३।५ मा ज्येष्ठ नागरीक सम्मान र स्वयंसेविका प्रोत्साहन कार्यक्रम अन्तर्गत रु.२,४०,०००।- को पेश्की फछ्र्यौट गरेकोमा रु ५३०० को बिल भरपाई नपुगेको रकम असुल गरी दाखिला हुनुपर्ने रु. | ५३०० |

अनुसूची- १

## अन्नपुर्ण गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | अन्नपुर्ण गाँउपालिका | म्याग्दी | ५०५९९ | ७०६५४ | १४६१७६ | १३६६०५ | ३५३४३५ | १६१५६६ | ६७२०० | ८६७१९ | ३१५४८५ | ८८५४९ |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | म्याग्दी | अन्नपुर्ण गाँउपालिका | ५८ | ५३ | ३३८८३ | ० | १३ | ३४१३ | ५८ | ४० | ३०४७० | १२५४२ | १५०४९ | १९१ | ० | ० | १५२४० | २०८८ | ६०० | २६८८ |

अनुसूचि ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | अन्नपुर्ण गाँउपालिका | म्याग्दी | ३५०८५ | ० | ३५०८५ | | ३०४७० | ६५५५५ |